**पुथा उत्तरगंगा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लुम्बिनी प्रदेश**
**५८ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण**

**बैठक संख्या:** ५८ बैठक **मिति:** २०८३/०५/३१

प्रकाशन मिति: २०८३/०६/०२

| क्र.स. | शाखा/विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन शाखा | ५७ औं कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन समीक्षा सम्बन्धी। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ क (५) बमोजिम ५७ औं बैठकका बाँकी तथा प्रगति भइरहेका निर्णयहरूलाई तोकिएको समयसीमाभित्र पूर्ण रूपमा कार्यान्वयन गर्न सम्बन्धित शाखा तथा अधिकारीहरूलाई निर्देशन दिने निर्णय गरियो। |
| २ | योजना शाखा | LGPAS प्रतिवेदन स्वीकृति तथा जिल्ला समन्वय समितिमा पेश गर्ने सम्बन्धी। | आ.व. २०८२/०८३ को LGPAS प्रतिवेदन कार्यपालिकाबाट सर्वसम्मत स्वीकृत गरियो र उक्त प्रतिवेदन भाद्र मसान्तभित्र जिल्ला समन्वय समितिमा पेश गर्ने निर्णय गरियो। |
| ३ | पूर्वाधार शाखा | बेलिब्रिज निर्माणका लागि बोलपत्र आह्वान गर्ने सम्बन्धी। | स्वीकृत वार्षिक बजेट अन्तर्गत ४ वटा बेलिब्रिज (उत्तरगंगा, नयाँबजार, दुम्लागा र त्रिवेणी) सार्वजनिक खरिद अनुगमनन कार्यालयको २०८३ भाद्र ११ गते सुचना अनुसार राष्ट्रियस्तरको बोलपत्र सूचना प्रकाशन गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| ४ | प्रशासन शाखा | अध्ययन समितिको वडा सीमाना हेरफेर प्रतिवेदन स्वीकृति तथा विशेष अधिवेशन आह्वान गर्ने सम्बन्धी। | गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ बमोजिम अध्ययन समितिले पेश गरेको वडा सीमाना हेरफेर सम्बन्धी प्रतिवेदन पारित गरी प्रदेश सरकारमा सिफारिस गर्नका लागि मिति २०८३ असोज १५ गते गाउँ सभाको २३ औं विशेष अधिवेशन आह्वान गर्ने निर्णय गरियो। |
| ५ | भूमि शाखा | भूमिहीन सुकुम्बासी सिफारिस सम्बन्धमा। | वडा नं. ९ का श्री लालबहादुर रोकाको तीन पुस्ते जग्गा जमिन नभएको र घरजग्गा जोड्ने अवस्था पनि नरहेको पुष्टि भएकोले निजलाई भूमिहीन सुकुम्बासी प्रमाणित गरी जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने निर्णय गरियो। |